**अनुसुचि- २**

**(दफा ४ को अनुसुचि -१ को भाग २ संग सम्बन्धित)**

# रम्भा गाउँपालिका

# स्थानिय राजपत्र

प्रमाणीकरण मितिः  २०८३/०४/०४

**रम्भा गउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पिपलडांडा, पाल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

रम्भा गाउँपालिका

# करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८३

**प्रस्तावना:** नेपालको संविधानको धारा ३४ को उपधारा (२) अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई सुनिश्चितता गर्न वाञ्छनिय भएकाले रम्भा गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन 2074 को दफा ४ ले दिएको अधिकार प्रयोग गरि रम्भा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि रम्भा गाउँकार्यपालिकाले पारित गरेको मिति देखी लागु हुनेछ।

## २. परिभाषा: बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "कार्यविधि" भन्नाले "करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८३" सम्झनु पर्छ।

(ख) "गाउँकार्यपालिका" भन्नाले रम्भा गाउँकार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले रम्भा गाउँपालिकालाई सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले रम्भा गाउँपालिकाको सभालाई सम्झनु पर्छ।

(ङ) "वडा" भन्नाले रम्भा गाउँपालिकाका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्छ।

(च) "अध्यक्ष" भन्नाले रम्भा गाउँकार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(छ) "उपाध्यक्ष" भन्नाले रम्भा गाउँकार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रम्भा गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(झ) "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्छ।

(ञ) "करारका कर्मचारी" भन्नाले रम्भा गाउँपालिका गाउँकार्यपालिका कार्यालय, अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत गाउँपालिकाको संचित कोषबाट तलब भत्ता प्राप्त गर्ने करार कर्मचारीहरुलाई सम्झनु पर्छ।सो शब्दले २ वर्ष भन्दा अगाडी देखि संघीय सरकार र प्रदेश सरकारको कार्यक्रम तर्फ एकल वा गाउँपालिकासँगको साझेदारीमा

रम्भा गाउँपालिका

करारमा नियुक्त भई अविछिन्न रुपमा कार्य गरिरहेका गाउँपालिकाको संचित कोषबाट तलब भत्ता प्राप्त गर्ने कर्मचारीहरु समेत बुझिनेछ।

## ३. जिम्मेवारी र उत्तरदायित्वः

(१) गाउँकार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत रहेका रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको संचित कोषबाट तलब भत्ता भुक्तान हुने करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनु रम्भा गाउँपालिका गाउँकार्यपालिका कार्यालयको जिम्मेवारी रहने छ।

(२) गाउँकार्यपालिकाले आफ्ना करार कर्मचारीहरुका लागि बार्षिक रुपमा आवश्यक पर्ने रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी गाउँसभाबाट विनियोजित गराउनु पर्नेछ।

(३) रम्भा गाउँपालिका र अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भए पश्चात स्वतः लागु हुनेछ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ।

(४) रम्भा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुन ईच्छुक कर्मचारीहरुको खाईपाई आएको तलबको कम्तिमा ६० प्रतिशत तलबलाई आधारभूत तलब मानी त्यसको २० प्रतिशत रोजगारदाताबाट र ११ प्रतिशत योगदानकर्ताको तर्फबाट सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ।

## ४. समिति गठनः

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरि आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) सूचना प्रविधि शाखा प्रमुख - सदस्य

(घ) कर्मचारी प्रशासन शाखा प्रमुख- सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) गाउँकार्यपालिका वा अन्तरगतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा निरन्तर २ वर्ष वा सो समय भन्दा बढी सेवा अवधि कार्य गरेका करार कर्मचारीहरुबाट योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत हुने संख्याको एकिन गर्ने।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्वन्धमा वनेका नियमावली, कार्यविधि, राजपत्र तथा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गरिएका

परिपत्रहरुमा सम्वन्धित रहेर कार्यविधि स्वीकृत भएको मितिसम्म कम्तिमा २ वर्ष सेवा अवधि पूरा भएका सेवा करारमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने ।

(ग) अनलाईन माध्यमबाट गाउँकार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसंग समन्वय गरी सूचिकरण गर्ने वा गराउने ।

(घ) सामाजिक सुरक्षा कोषमा आवद्ध हुन चाहने कर्मचारीहरुले अनुसूचि १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(ङ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न अन्य आवश्यक कार्य गर्ने ।

## ५. थपघट, हेरफेर वा संसोधनः

गाउँकार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

## ६. बाधा अड्काउ फुकाउः

यो कार्यविधि कार्यान्वयनको सम्वन्धमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## ७. खारेजी तथा बचाउः

यस कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रचलित कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले

वीर बहादुर पुन

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः२०८३/०४/०४

रुम्भा गाउँपालिका

अनुसूची -१

निवेदनको ढाँचा

मिति - २०८३/...../.....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

रम्भा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रम्भा, पाल्पा ।

**बिषय : सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सुचिकृत गरिदिनुहुन ।**

प्रस्तुत विषयमा रम्भा गाउँपालिकाको मिति २०८३।....।..... गते प्रकाशित सूचना बमोजिम यस रम्भा गाउँपालिका अन्तर्गतका कार्यालयमा म करार सेवामा कार्यरत रहेकाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २१ अनुसार योगदानकर्ताको रुपमा सूचीकृत हुन ईच्छुक भएको हुँदा **रम्भा गाउँपालिकाको करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८३** बमोजिम सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत गरिदिनुहुन तपसिलको विवरण सहित यो निवेदन पेश गरेको छु ।

तपसिल

| | |
|---|---|
| **First name** | |
| **Mid name** | |
| **Last Name** | |
| **Gender** | |
| **DOB(YYYY.MM.DD)** | |
| **Country** | |
| **Email** | |
| **Contact Type** | |
| **Contact No** | |
| **Document** | |
| **Document No** | |
| **Issuing Office** | |
| **Issued Date(YYYY.MM.DD)** | |
| **Employement Type** | |
| **Post** | |
| **Join Date(YYYY.MM.DD)** | |

निवेदक

हस्तक्षर:

नाम:

पदः